मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कृषि विकास शाखा
बागमती प्रदेश, नेपाल

# अमेरीकन फौजि किरा र गोलभेडाको पात खन्ने किरा (TUTA ABSOLUTA) किरा सम्बन्धमा मेलम्ची नगरपालिका कृषि बिकास शाखाको कृषकहरुलाई अनुरोध ।

## अमेरीकन फौजि किरा बारे केहि जानकारी

- यो रात्रिचर किराहो जसले गर्दा यो किरा रातको समयमा सक्रिय हुन्छ ।
- मकै धान कोदो लगायत ३५३ प्रजातिको बालिमा क्षेति पुर्याएको छ ।यो किराले सबै भन्दा मन पराउने बालि मकै हो ।
- आक्रामक तरीकाले छिटै ठुलो क्षेत्रमा फैलन सक्ने मिचाहा स्वभाब को किरा ।
- उपयुक्त आहाराको खोजीमा यो कीराको वयस्क पुतली अण्डा पार्नु अगाडि ५०० किलो मिटर टाढासम्म पनि उडेर जान सक्ने
- बिषादीहरु छिट्टै पचाउन सक्ने र हुर्किइसकेको लार्भालाई बिषादीको प्रयोगबाट पनि व्यवस्थापन गर्न कठिन ।

## यो किराले क्षेतिपुर्याउदा देखिने लक्षण

- झुण्डमा पारिएका फुलहरुवाट निस्कने वित्तिकै सानो लार्भाले सुरुमा वरिपरिको पातको वाहिरी सतहमा कोत्रेर खान्छ हेर्दा पातमा सिसाको झ्याल जस्तो आकृति देखिन्छ ।
- त्यस पछि यी लार्भाहरु आफैले बनाएको रेसाहरु र हावाको मद्दतले अन्य वोटहरुमा फैलिन्छ ।
- कलिलो अवस्थाको मकैको गुवो भित्र प्वाल पारी पस्दै खान थाल्दछ ।
- विरुवा वढदै जाँदा पातमा लहरै स साना प्वालहरु देख्र सकिन्छ ।
- कीराको आक्रमण भएको ठाउँमा काठको ढुलो जस्तो विष्टा पनि प्रशस्त मात्रामा देखिन्छ ।
- यस कीरावाट अत्यधिक आक्रमण भएको अवस्थामा मकैमा असिनावाट भएको क्षति जस्तै पातहरु छिया छिया भएको देखिन्छ ।

## गोलभेंडाको पात खन्ने किरा (TUTA ABSOLUTA) किराको बारे जानकारी

दक्षिण अमेरिकी गोलभेंडाको पात खन्ने कीरा टुटा अब्सोलुटा आक्रामक तवरले फैलिने तथा गोलभेंडाको पात, मुना तथा फलमा लाग्ने पुतली समूहको कीरा हो । व्यवस्थापन नगरिएको अवस्थामा यस कीराको लार्भाले गोलभेंडामा सत प्रतिशतसम्म नोक्सान पुयाउन सक्छ।

## यो किरा पहिचान गर्ने तरीका

- यो किरा लागेमा गोलभेडा लागेमा पातमा अनियमित रुपमा खनेको ,पारदर्शि देखिन्छ नियालेर हेर्दा लार्भा र प्यूपा हुन सक्छ।
- मुनामा लार्भाले खाएको कालो बिष्टाहरु रहेका हुन्छन ।
- फलको बोक्रा कालो धब्बा देखन्छ भित्रभागमा कहिले काहि किराको लार्भा देखिन्छ ।
- किराले अत्याधिक लागेमा बोट सुकेको जस्तो देखिन्छ ।

## अमेरिकन फौजि किरा तथा गोलभेडा पात खन्ने किरा TUTA ABSOLUTA को रोगथामको उपायहरु

- खेतबारीको नियमितरुपमा निरिक्षण गर्नुहोस ।
- ईबामेक्टिन बेन्जोएट ५ % WDG १ मिलिग्राम (MG) प्रति ३ लिटर पानिमा मिसाएर छर्ने ।
- स्पाइनो स्याड ४५ % A C १ मिलिलिटर (ML) ३ लिटर पानिमा मिसाएर छर्ने ।
- क्लोरो एन्ट्रानिलीप्रोल १.५ % AC १ मिलिलिटर (ML) ३ लिटर पानिमा मिसाएर छर्ने।
- यो किराले सजिलै बिष पचाउने भएकाले माथि उलेखित बिषादीलाई पालो पालो गरी प्रयोग गर्नुपर्दछ एकै बिषादि पुन प्रयोग नगर्नुहोस ।

मकै बालिमा गत बर्ष देखि देखापरेको अमेरीकन फौजि किरा र गोलभेडाको पात खन्ने किरा TUTA ABSOLUTA किराको प्रकोप यस बर्ष पनि यस नगरपालिका भित्र देखा पर्न थालीसकेकाले नियमितरुपमा आफ्नो खेत बारीको नियमित निरीक्षण गर्नुहोस । यदि समस्या देखा परेमा तुरुन्त **मेलम्ची नगरपालिका कृषि बिकास शाखा** वा **एकिकृत सेवा केन्द्रमा** सम्पर्क राख्नुहुन अनुरोध छ । साथै थप जानकारीको लागी अमर नाथ आचार्य ९८४५७७५०३१, हरिगोपाल श्रेष्ठ ९८५११७०४७३, रमा लामिछाने ९८५१२२८५३६ शोभा चालिसे ९८४९२६६११२ लाई सम्पर्क गर्नसक्नुहुनेछ ।